तेह्रौं गाउँ सभामा २०८० असार १० गते शुक्रबार
अध्यक्ष श्री कैसाङ नुर्पु तमाङज्यूबाट
प्रस्तुत

# नीति तथा कार्यक्रम
# २०८०/०८१

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०८०

**गाउँसभाका उपाध्यक्ष**
**गाउँसभाका सचिव**
**तथा गाउँसभाका सम्पूर्ण सदस्यहरु**

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था एवम् लोकतन्त्रको आधारभूत मूल्य मान्यताको माध्यमबाट दिगो विकास सुशासन समृद्धि र स्वच्छ वातावरण अनुकूल गाउँसभा सञ्चालनार्थ विभिन् विषयसँग सम्बन्धित सरोकारवाला तथा गाउँपालिका क्षेत्रका जनताको अमूल्य सुझावहरुलाई समेटेर तयार पारिएको यस गोसाईकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित भएकोछु ।
- राष्ट्रिय एकता भौगोलिक अखण्डता राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली नागरिकले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन सशस्त्र संघर्ष त्याग र वलिदानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज व्यक्तित्व एवम् शहीदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई उच्च सम्मान गर्न चाहन्छु ।
- यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा अन्तरर्राष्ट्रिय कानून नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिबद्धता दिगो विकास लक्ष्य नेपालको संविधान संविधानको निर्देशक सिद्धान्त एवम् नीतिहरु नेपाल सरकारको आवधिक योजना क्षेत्रगत नीतिहरु वार्षिक बजेट प्रदेश स्तरीय नीति एवम् कानून नागरिकका मौलिक हक हामीले जनतामाझ गरेका प्रतिबद्धता र चुनावी घोषणापत्र, नागरिकका अपेक्षा र मागहरुलाई आधार लिइएको छ ।

- संघीय शासन प्रणाली एवम् सन्निकटताको सिद्धान्त बमोजिम स्थापित अधिकार सम्पन्न यस गोसाईकुण्ड गाउँपालिकाको “जल विद्युत, पर्यटन, रसुवागढी नाका, पूर्वाधार र शिक्षा ! सुसंस्कृत र समृध्द गोसाईकुण्ड, लाङटाङ हाम्रो सदिक्षा” दिर्घकालिन सोचलाई साकार बनाउँदै स्थानीय सरकारप्रति जनविश्वास अभिवृद्धि गर्ने यस नीतिको प्रमुख उद्धेश्य रहेको जानकारी गराउन चाहन्छु ।
- स्थानीय सरकार सञ्चालन ऐन अन्तर सरकारी वित्त व्यवस्थापन ऐन नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त समानीकरण समपूरक एवम् विशेष अनुदान राजश्व बाँडफाँट र यस गाउँपालिकाको आन्तरिक आय समेतलाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तयार पारिएकोछ ।
- संघीय तथा प्रादेशिक सरकारको दीर्घकालिन सोच अनुरुप यस गोसाईकुण्ड गाउँपालिकाको दीर्घकालिन लक्ष्य बमोजिम आगामी समयमा यस पालिकालाई समृद्ध र सुशासनपूर्ण गाउँपालिकाको रुपमा व्यवस्थित गर्न आवश्यक पर्ने नीतिहरुको बारेमा विज्ञहरुबाट स्थलगत अध्ययन र अनुसन्धानमार्फत् प्राप्त सुझावहरु समावेश गरी लक्ष्य उन्मुख र अझै वस्तुनिष्ट नीति कार्यक्रम र बजेट तर्जुमा गरिनेछ ।

अब म यस गाउँपालिकामा चालु आ.व. २०७९।८० मा भएका प्रमुख उपलब्धीहरुलाई संक्षिप्त रुपमा यस गरिमामय गाउँसभा अधिवेशन समक्ष प्रस्तुत गर्न गइरहेको छु ।

- शिक्षा क्षेत्रको निरन्तर सुधारको प्रयास स्वरुप सामुदायिक विद्यालयका सबै विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण र गाउँपालिका क्षेत्रको दुरदराजबाट अध्ययन गर्न आउने विपन्न परिवारका बालबालिकाहरुलाई यसै गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयमा निःशुल्क रुपमा खाना बस्न

र थप सिकाइ कक्षासहितको सुविधाले गुणस्तरीय शिक्षालाई वढावा गर्ने सदिक्षासाथ स्थानीय जनताको प्रशंसा पाएकोछ ।

- १३ वटा गाउँसभा र ७३ वटा कार्यपालिका बैठकहरु सर्बसम्मत रुपमा सम्पन्न भएका छन् ।
- नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरिएको एकल अधिकारहरुको कार्यान्वयन तथा गाउँपालिका क्षेत्रको सर्वाङ्गिण विकासमा सहजता ल्याउन १४ वटा ऐन , ४ वटा नियमावली तथा ३६ वटा कार्यविधि/निर्देशिका/मापदण्ड र २ वटा आचारसंहिता जारी भई कार्यान्वयन भैरहेका छन् ।
- सेवा प्रवाह, वित्तीय नियन्त्रण र सुशासनका सूचकहरु पूरा गर्दै गाउँपालिका स्वमूल्याङ्कन (लिजा) मा जिल्लाको उत्कृष्ट नतिजा ल्याउन सफल भएकोछ ।
- जनस्वास्थ्यको क्षेत्रमा ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य विमा तथा सबै ज्येष्ठ नागरिक लगायत अपाङ्गता भएका क र ख वर्गका व्यक्तिलाई निःशुल्क एम्बुलेन्स सेवा आपतकालिन अवस्थामा परेका गर्भवती महिलाहरुलाई सुविधा सम्पन्न अस्पताल पुराउन र सहज सुत्केरी गराउन हेलीकप्टर सेवा एवम् स्वास्थ्यचौकीमा ल्याव तथा सहज रुपमा सुत्केरी सेवा प्रदान भएकोछ ।

- चालु आर्थिक वर्ष २०७९।८० मा भौतिक पूर्वाधार निर्माणतर्फ रोङ्गा – खाम्जिङ, लिङलिङ– बृद्धिम, रोङ्गा– थुमन, टिमुरे– खैदी, सानो भार्खु – ठूलो स्याफ्रु तथा धुञ्चे – खोदलसमेत जम्मा ३४ किमी सडकको स्तर उन्नति भएको छ र यो क्षेत्रका जनताले सवारी साधन आवतजावतको सुविधा पाएका छन् ।
- गाउँपालिकाका ६ वटा वडा मध्ये ५ वटाको प्रशासनिक भवनहरु तल्ला थप तथा नयाँ भवन निर्माण भई दैनिक प्रशासनिक कार्यमा सहजता भएकोछ ।
- बैकल्पिक उर्जा विकास र प्रयोग अन्तर्गत गाउँपालिकाको वडा नं. ५ र ६ का गाउँवस्तीका सडक तथा गुम्वा समेतमा जम्मा १०१ थान सौर्य बत्ती जडान गरिएका छन्
- यस वर्ष प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट गाउँपालिकाको वडा नं १, २, ५ र ६ का जम्मा ४६ जना युवाहरुले स्वरोजगारको सुविधा प्राप्त गरे । उनीहरुबाट सम्बन्धित वडा क्षेत्रका असजिला भागहरुमा गोरेटो बाटो तथा सडक नाली र ढुङ्गा सोइलिङ कार्य भई सडक संरक्षण तथा गोरेटो बाटो सुधारमा योगदान पुगेको छ
- भौतिक पूर्वाधार निर्माणको क्रममा कृषकहरुको खेतीयोग्य जमिनका बाली फसलहरु बधेंल लगायत जंगली जनावरबाट जोगाउन वडा नं ५ स्थित ठूलो स्याफ्रु र सानो भार्खुको खेतीयोग्य जमिन खण्डहरुमा ४००० मिटर घेराबार निर्माण कार्य सम्पन्न भएका छन् ।

गाउँसभाका सदस्यहरु
अब म यस आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>शिक्षा, युवा तथा खेलकूद</u>

**“अनिवार्य तथा नि : शुल्क शिक्षा र शैक्षिक गुणस्तर, गोसाईकुण्ड गाउँपालिकाको समृद्धिको आधार”**

- गाउँपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न **<u>गा.पा.अध्यक्ष शैक्षिक सुधार कार्यक्रम</u>** कार्यान्वियनमा ल्याइने छ जसबाट सामुदायिक विद्यालयको सम्पूर्ण पक्षको सुधार गरिनेछ।
- माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य , निशुल्क र गुणस्तरीय बनाइने छ। आर्थिक विपन्नता तथा भौगोलिक विकटताका कारण शिक्षाको पहुँचबाट टाढा रहनु पर्ने अवस्थाको अन्त्य गर्न गाउँपालिका अध्यक्ष छात्रावास कार्यक्रमलाई अझ व्यवस्थित रुपमा विस्तार गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निशुल्क विद्यालय पोषाकको व्यवस्थालाई निरन्तरता दिई सामुदायिक विद्यालय प्रति विद्यार्थीहरुको आकर्षण बढाइनेछ ।
- भौगोलिक रुपमा विद्यालयबाट टाढा बसोबास गर्ने विद्यार्थीका लागि निशुल्क रुपमा **<u>विद्यालय बस</u>**को व्यवस्था गरी पठन पाठनमा सहजता प्रदान गरिनेछ ।
- पालिका भित्रका निश्चित विद्यालयहरुमा विद्यार्थीको भावी एवम् व्यवसायिक जीवनलाई सहज बनाउने उद्देश्यले विद्यालयको ऐच्छिक विषयको रुपमा **<u>चाइनिज भाषाको पठन पाठन</u>** सुरु गरिनेछ ।

- गाउँपालिकाका युवा जनशक्तिलाई सरकारी सेवामा आकर्षित गर्न **शिक्षक सेवा /लोक सेवा आयोगका कक्षाहरु** सञ्चालनमा ल्याइनेछ ।
- पालिका भित्रका सामुदायिक विद्यालयमा रिक्त हुन आउने दरबन्दीहरुमा पदपूर्तिका लागि करार शिक्षक बैङ्कको व्यवस्था गरी कार्यान्वियन गरिनेछ ।
- अङ्ग्रेजी माध्यममा पठन पाठन सुचारु गरेका विद्यालयहरुमा बाल विकास देखि कक्षा ३ सम्म शिक्षण गर्ने प्रयोजनमा अङ्ग्रेजी विषयमा उच्च दक्षता हासिल गरेका अन्य व्यक्तिहरुलाई स्वयम सेवक शिक्षकको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रको खेलकुदलाई व्यवस्थित गर्न पालिका स्तरीय खेलकुद विकास समितिको गठन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुलाई नियमन गराउनका लागि गाउँपालिका ऐन र नियमावली बमोजिम कार्य गर्न गराउने व्यवस्था गरिने छ ।
- **<u>उपाध्यक्षसँग किशोरी कार्यक्रम</u>** सञ्चालन गरी किशोरीहरुलाई मानशिक रुपमा सबल र शसक्त बनाइनेछ ।
- पालिका भरिका शिक्षक तथा कर्मचारीहरुलाई पुल दरबन्दी कायम गरी कार्यसम्पादन एवम् औचित्यताका आधारमा कामकाजका लागि खटाइने व्यवस्था गरिने छ ।

- बाल विकास केन्द्रको सुदृढीकरण गरी सबै तहका विद्यालयहरुलाई प्रविधिमैत्री बनाइनेछ ।
- बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको क्षमता विकास गर्नुका साथै पालिकाबाट प्रदान गरिदै आएको थप सुविधालाई निरन्तरता दिदै गाउँपालिकाबाट नियुक्त बाल विकास सहजकर्ताहरुका लागि अन्य बाल विकास सहजकर्ता सरह तलब भत्ताको व्यवस्था गरी समानता कायम गरिनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरि प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ ।
- नतिजा तथा कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यार्थी ,शिक्षक ,प्रधानाध्यापक तथा विद्यालयलाई पुरस्कृत गरी शिक्षण सिकाइमा थप उर्जा प्रदान गरिनेछ ।
- करार, राहत तथा अस्थायी दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी औचित्यताका आधारमा करार सम्झौता थप गर्ने र कार्यसम्पादनमा कम्जोर देखिएमा करार सम्झौता नवीकरण नगरी नयाँ जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- पालिका भित्र अनिवार्य विषयहरुको रोष्टर निर्माण गरि शैक्षिक गतिविधिलाई चलायमान बनाइनेछ ।
- सामुदाय र विद्यालयको साझेदारिमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरी विद्यालयमा हरियाली प्रवर्द्धन गरिनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षायुक्त पालिकाको व्यवहारमा कार्यान्वयन गरिनेछ र विद्यालय एवम् विद्यार्थीका लागि चाहिने शैक्षिक सामग्रीको प्रबन्ध मिलाइनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्दि कार्यक्रम सञ्चालन गरि विद्यालयको विकास निर्माणमा सक्रिय बनाइनेछ ।
- कक्षा ३, ५, ८ र १० (pre-final exam) अन्तिम परिक्षा पालिकाबाट सञ्चालन गरी विद्यार्थीहरुको यथार्थ सिकाइ स्तर मापन गरी आवश्यक व्यवस्थापन गरिनेछ ।
- युवा तथा खेलकुदलाई विषेश प्राथमिकतामा राख्दै युवा प्रतिभा पहिचान एवम् खेलकुद हवका रुपमा पालिकालाई विकास गरिनेछ ।
- गाउँपालिका भित्रका वेरोजगार युवाहरुको तथ्याङ्क सङ्कलन गरी युवा रोजगारीका क्षेत्र पहिचान एवम् छोटा अवधिका तालिम सञ्चालन गरी सीप विकास गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम (GESI)

- नेपालको संविधान तथा संघ, प्रदेश र यस गाउँपालिकाको लैससास नीतिमा व्यवस्था भए बमोजिम गाउँपालिका क्षेत्रमा लैंगिक रुपमा हुने विभेद न्युनिकरण गर्न एवम् सबै क्षेत्र, जातजाति तथा लिङ्गका

जनताको उत्थानका नीति तथा कार्यक्रम सञ्चालन गरिनेछन् । यसका लागि विद्यमान ऐन नियम कार्यविधि तथा मापदण्ड एवम् आवश्यकताका आधारमा गाउँपालिकाबाट जारी कार्यविधिहरुलाई संशोधन तथा नयाँ कार्यविधि जारी गर्न र कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

- बालबालिकाको हित उध्दार र बाल अधिकारको प्रत्याभुत गर्ने नीति रहनेछ । संघिय सरकारबाट जारी बालबालिका सम्बन्धी ऐन २०७५, नियमावली २०७८, तथा गाउँपालिकाबाट जारी बाल अधिकार तथा संरक्षण कार्यविधि २०७८ मा निर्दिष्ट विधिहरु कार्यान्वयन गर्ने नीति र कार्यक्रम हुनेछन् ।
- अति गरिब तथा विपन्न वर्गका दलित समुदायका बालबालिकाहरुको हित र उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछन् । यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- लैंगिक विभेद तथा घरेलु हिंसा जस्ता सामाजिक विकृतिलाई निराकरण गर्न गाउँपालिका र वडा स्तरका बाल अधिकार समिति तथा बालक्लव सञ्जाललाई सक्रिय तुल्याउन आवश्यक कार्यक्रम तय गरिनेछन् र सोको लागि पर्याप्त बजेट विनियोजन गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा हुने बालविवाहका घटना रोक्न वडा, गाउँवस्ती र विद्यालयलाई सक्रिय रुपमा परिचालन गर्ने नीति लिइने र समुदाय सचेतनालाई अभियानका रुपमा सञ्चालन गरिनेछ । आव २०८०।०८१ मा बालविवाह अन्त्य गाउँपालिका घोषणाका लागि आवश्यक तयारी गरिने छ ।
- बालश्रम रोक्न र बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यको अवसर प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा मानव ओसारपसार र बेचबिखनका घटनाको पहिचान भएमा शुन्य सहनशिलाको नीति लिइनेछ । यस्ता घटनामा सरोकारवाला निकायसँग समन्वय गरी पिडकलाई कानून बमोजिम सजायँ र पिडितलाई क्षतिपूर्तिसहित उध्दार तथा संरक्षणमा सहयोग गरिनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि प्राथमिकता दिइने र आवश्यक कार्यक्रम तय गरी पर्याप्त रकम विनियोजन गरिनेछ । आव २०८०।०८१ भित्र यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक तयारी गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको हित तथा संरक्षणका लागि परिचयपत्र वितरण सार्वजनिक निकायलाई अपांगता मैत्री पूर्वाधार व्यवस्थापन गर्ने र विपन्न परिवारका अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सहज जीवनयापनका निम्ति सिपमूलक तालिम एवम् व्यवसाय सञ्चालनमा विऊ पूँजी अनुदान प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।
- विपन्न परिवारका एकल महिला बिधुवा महिला तथा अति गरिब र विपन्न महिलाहरुको उत्थानका लागि लघु उद्यम र घरेलु उद्योग विकास समितिको समन्वयमा मागमा आधारित व्यावसायिक सिप प्रबर्धन तालिम प्राप्त गरेका यस्ता महिलाहरुलाई व्यवसाय प्रबर्धन गर्न आंशिक अनुदान प्रदान गरिनेछ । यस कार्यका लागि गाउँपालिकाको कृषि तथा पशु सेवा शाखासँग पनि समन्वय गरिनेछ ।

- नियमानुसार दर्ता भई सञ्चालनमा रहेका महिला सहकारी संस्थालाई सक्रिय तुल्याउन बढीमा १ हप्ते नेतृत्व विकास तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रका ज्येष्ठ नागरिकको सम्मान र संरक्षणका लागि आवश्यकताका आधारमा सेवा सुविधा प्रदान गरिनेछ ।
- यस गाउँपालिकाको अन्तर्राष्ट्रिय नाका रसुवागढीमा दैनिक ज्याला मजबुरीमा संलग्न महिलाका २ देखि ४ वर्षमुनिका बालबालिकाहरुको हितका लागि रसुवागढीमा एउटा शिशु स्याहार कक्ष स्थापना र सञ्चालन गर्न सरोकारवालाहरुसँग सहकार्य र समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ ।
- स्तनपान गर्ने उमेरका बालबालिकाहरुको हितका लागि गाउँपालिका र वडा कार्यालयहरुमा स्तनपान कक्ष व्यवस्थापन गरिनेछ ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम, महिला दिवस, बाल दिवस, अपांगता दिवसका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- पालिकास्तरमा हुने अपांग समन्वय समिति, महिला उद्यमशिलता विकास समिति, बाल अधिकार समिति, बालक्लव संजाल, बालमैत्री स्थानीय शासन कार्यान्वियन समिति तथा वडास्तरमा बाल अधिकार समितिको बैठक तथा अन्तर्क्रिया नियमित हुनेछ ।
- उल्लेखित समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

## स्वास्थ्य सेवा

- पालिकावासीहरुको आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पुर्ण वडामा स्थापना भई संचालनमा रहेका आभारभुत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण गर्दै लगिनेछ ।
- विपन्न नागरिकहरुका लागि उपलब्ध गराउदै आएको उपचार सहयोग कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- वडा न ५ मा निशुल्क रुपमा उपलब्ध भैरहेको प्याथोलोजी ल्याव सेवालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा नियमित कर तिरेका स्थायी बासिन्दाहरुलाई स्वास्थ्य बिमा गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिर्घ रोगीहरुले नियमित सेवन गर्ने औषधिहरु गाउँपालिकाबाट सहज, सर्वसुलभ र सहुलियतमा उपलब्ध हुने व्यवस्था गरिने छ ।
- गाउँपालिका बढ्दै गएको सर्ने तथा नसर्ने रोगको न्यूनिकरणको लागि समुदाय स्तरमा **पालिका अध्यक्ष** स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिने छ ।

- नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ |
- एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ अनुरुप गर्भवती महिला र जेष्ठ नागरिकलाई अस्पतालसम्म सहज पहुँचका लागि निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।
- **पालिका उपाध्यक्ष** कार्यक्रम मार्फत गर्भवती सुत्केरी लाई दिदै आएको प्रोत्साहान रकमलाई निरन्तरता दिईने छ । साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिने छ । महिलाहरुको प्रजनन स्वास्थ्यलाई विशेष प्राथामिकतामा राखी मातृ तथा वाल स्वास्थ्य सेवालाई थप सुदृढ वनाईने छ । पाठेघर मुखको क्यान्सर, आङ खस्ने लगायतका रोगहरुको पहिचानको लागि स्क्रिनिङ क्याम्प संचालन गरिने छ ।
- सरकारी तथा गैरसरकारी संघसंस्थाको साझेदारीमा रोगको निदान तथा उपचार गर्नको लागि विशेषज्ञसहितको स्वास्थ्य शिविर संचालन गरिने छ ।
- सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकासको लागि क्षमता अभिवृद्धि गरी उनीहरुको सेवालाई थप प्रभावकारी वनाईने छ साथै ६० वर्ष उमेर पूरा गरेका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाईको लागि विशेष प्याकेजको व्यवस्था गरिने छ ।
- हाल प्रदेश अन्तर्गतको अस्पताल वाट मात्र निशुल्क प्रदान गरिदै आएको रेविज, टि टि भ्याक्सिन गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थामार्फत निःशुल्क उपलब्ध गराइनेछ ।
- सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुको लागि नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

## कृषि विकास सेवा

- गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरुमा हप्तामा एकपटक कृषकहरुको गुनासो सुन्ने व्यवस्था गरिने छ ।
- विउविजन, फलफूलका विरुवा तथा जैविक विषादी अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ । बिउबिजन तथा फलफूलका विरुवा वितरणका लागि निश्चित समय तालिका बनाएर उपयुक्त समयमा सो उपलब्ध गराउने गरी व्यवस्था मिलाईने छ ।
- एक विद्यालय एक करेसावारी कार्यक्रममार्फत सामुदायिक विद्यालय छनौट गरी विद्यालयको खाली रहेको जग्गामा विभिन्न कृषि कार्यक्रम सञ्चालन गरी पढदै कमाउदै कार्यक्रम लागू गरी आगामी बर्षहरुमा कृषि प्राविधिक विद्यालय स्थापना गरिने नीतिलाई प्राथमिकता दिइने छ ।
- उच्च घनत्वको स्याउ खेतीलाई गाउँपालिकाको चिनारीको रुपमा विस्तार गरिनेछ ।

- बर्षै भरी मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नको लागि प्रत्येक वडामा ग्रिल सहितको प्लाष्टिक घर निर्माण गरिने छ ।
- वैज्ञानिक खेतीका लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटोको परीक्षण ल्याव सेवा कम्पोष्ट मल, भर्मि कम्पोष्ट गड्यौला वायोचार निर्माण कार्यक्रम सञ्चालनमा ल्याई दीगो कृषि उत्पादनको सुनिश्चितता गरिनेछ ।
- सबै वडाहरुमा कृषि ईकाइ स्थापना गरी सम्पुर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिने छ ।

- कृषकलाई समयानुकुल ज्ञान, सीप तथा क्षमता विकासको लागि निःशुल्क तालिमको व्यवस्था मिलाइनेछ । त्यस्तो तालिम प्राप्त गरिसकेपछि अनिवार्य रुपमा कृषि व्यवसाय गर्न प्रतिबद्धता गराइने छ ।
- कृषकहरुको जागर एंव मनोवल बृद्धि गर्न उत्कृष्ट कृषकलाई पुरस्कृत गरिनेछ ।
- भूगोल र हावापानी सुहाँउदो जातको मौरी पालनलाई व्यवस्थित गर्न मौरी पालन समूह गठन गरी मौरी पालन व्यवसायलाई प्रवर्द्धन र विस्तार गरिनेछ ।
- कृषि प्राविधिक विस्तारको लागि मल्चिङ्ग प्लाष्टिक, थोपा सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि विकासमा प्रोत्साहन गर्न उत्पादनमा आधारित आवश्यक क्षेत्रहरुको पहिचान गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- कृषकको आवश्यकता अनुसारको अन्तर जिल्ला स्तरीय कृषक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिका भित्र रहेका कुनै पनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन । बाँझो जमिनमा खेती गर्न चाहने जो कोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न आधुनिक कृषि यन्त्र तथा उपकरणहरु उपलब्ध गरी सम्बन्धित कृषकहरुलाई उक्त उपकरणहरु अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि कार्य गर्न प्रोत्साहन गरिने छ ।

## पशु सेवा

- पशु नश्ल सुधारका कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रका उत्कृष्ट पशुपन्छी पालक कृषकहरुलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ

- धुन्चे, स्याफ्रु र टिमुरेमा भुस्याहा छाडा कुकुर नियन्त्रणका लागि बन्ध्याकरण तथा रेविज रोग विरुद्ध खोप लगाउने कार्यक्रम सञ्चालन गरिनेछ।
- घुम्ती गोठका लागि आवश्यक सामग्री वितरण कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।
- जटिल प्रकारका रोगहरु, जैविक सुरक्षाका विषयहरु, पशु खोप तथा आहार सम्बन्धी सचेतनामुलक जानकारी प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

## गोसाईकुण्ड गाउँपालिकाः न्यायिक समिति

- गाउँपालिका क्षेत्रका तालिम प्राप्त मेलमिलापकर्ताहरुका लागि न्यायिक कार्य सम्पादन सम्बन्धी विद्यमान ऐन नियम कार्यविधिहरुको प्रबोधिकरण कार्यक्रम गरिनेछ।
- जिल्ला अदालत तथा सरकारी वकिलको कार्यालय रसुवासँग समन्वय गरी गाउँपालिका क्षेकका इच्छुक र योग्य व्यक्तिहरुलाई मेलमिलापकर्ता हुनका लागि ४८ घण्टे प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- यस गाउँपालिकामा न्यायिक कार्य सम्पादनका लागि व्यवस्थित इजलास कक्षा तयार गरी सञ्चालनमा ल्याइनेछ।
- गाउँपालिकाको प्रत्येक वडामा मेलमिलाप कक्ष व्यवस्थापन गरी न्यायिक समिति र मेलमिलापकर्ताको माध्यमबाट विवाद निरुपण हुने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ उपदफा १ र २ मा उल्लेखित बुँदाहरुलाई फ्लेक्स प्रिन्टमा तयार गरी उक्त कक्षमा व्यवस्थापन गरिनेछ।
- यस गाउँपालिकाका न्यायिक समितिका पदाधिकारीहरुलाई कानून सम्बन्धी विज्ञ प्रशिक्षकबाट दिक्षित गरिनेछ।
- गाउँपालिका न्यायिक समिति तथा वडास्तरको मेलमिलापकर्ता बैठकका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

## उद्योग विकास

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिने छ।
- लघु उद्यमीहरुलाई प्रविधि सहयोग कार्यक्रम गरिनेछ।
- लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम नपुग उद्यम विकास सहजकर्ता तलब भत्ता यसै गोसाईकुण्ड गाउँकार्यपालिको कार्यालय उपलब्ध गराउन प्राथमिकता दिइनेछ।
- पुराना उद्यमीहरुको लागि स्तरोन्नति कार्यक्रम संचालन गरिनेछ।
- उत्पादित बस्तुको बजारीकरणमा सहयोग तथा सहजीकरण कार्यक्रम गरिनेछ।

- लघु उद्यमीहरुलाई उद्योग संचालनका लागि लघु कर्जा तथा वित्तिय सेवामा पहुँच कार्यक्रम सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- लघु उद्यमीहरुको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिनेछ ।

## भौतिक पूर्वाधार विकास

- आर्थिक वर्ष २०८०।८१ मा भौतिक पूर्वाधार निर्माणतर्फ रोङ्गा – खाम्जिङ, लिङलिङ– बृद्धिम, रोङ्गा– थुमन, टिमुरे– खैदी, सानो भार्खु – ठूलो स्याफ्रु तथा धुञ्चे – खोदलसमेत जम्मा ४६ कि.मी. सडकलाई बाह्रै महिना सवारी साधन सञ्चालनमा निरन्तरता दिन भौगोलिक रुपले जोखिम रहेका बाँकी सडक खण्डमा स्तरोन्नति गर्न संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी गरी नियमित सञ्चालनका लागि आवश्यकता बमोजिम बजेट व्यवस्था गरिनेछ ।
- सामाजिक एवम् साँस्कृतिक सन्दर्भले आवश्यकता र औचित्यताका आधारमा महत्वपूर्ण गुम्वा मन्दीर लगायतका धरोहरको पुनर्निर्माणका लागि गाउँपालिकाबाट आ व २०८०।८१ मा पनि उच्च प्राथिमकता दिनुका साथै संघ तथा प्रदेश सरकारलाई पनि अनुदानका लागि अनुरोध गरिनेछ ।
- साँस्कृतिक एवम् पर्यटकीय रुपमा सुपरिचित गोसाईकुण्डको महत्वलाई परिस्कृत तुल्याउन विगत वर्षदेखि नै धुञ्चे गोसाईकुण्ड केबुलकार निर्माण तथा सञ्चालन परियोजनामा राष्ट्रिय निकुञ्जको ऐनको कारण सञ्चालन गर्नमा ढिलाइ हुन गएको कारण हाल सो ऐन सशोधनको प्रक्रियामा रहेकोले सो कार्य पश्चात संघ प्रदेशको समन्वय र सहकार्यमा सञ्चालन गर्न गाउँपालिकाको प्राथमिकतामा रहेको यस परियोजनालाई कार्यान्वियनमा ल्याउन आवश्यक सहजिकरण गरिनेछ ।

## खानेपानी, सरसफाई तथा वातावरण संरक्षण

- गाउँपालिका क्षेत्रका नागरिकहरुलाई शुद्ध पिउने पानीको व्यवस्थाका लागि वडावासीको माग तथा वडा कार्यालयको सिफारिसका आधारमा आवश्यक सामग्री, प्रविधि सहयोग तथा अनुदान व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रका घनावस्ती रहेका बजार गाउँ/ टोल तथा पर्यटकीय क्षेत्रका व्यवसाय र पैदल मार्गलाई सफा राख्न सम्बन्धित क्षेत्रमा गैससको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ साथै वडाका बजार क्षेत्रमा सरसफाईको स्थायी प्रबन्धका लागि आवश्यक कार्यक्रम तथा रकम विनियोजन गरिनेछ ।
- वातावरण संरक्षणका लागि लाङटाङ राष्ट्रिय निकुञ्ज तथा अन्य सरकारी एवम् गैर सरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी वन तथा जलाधार संरक्षण वन फँडानी आगलागी रोकथाम नियन्त्रण र वृक्षारोपण कार्यक्रमलाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ ।

- दाउरा तथा झण्डा एवम् अन्य प्रयोजनमा हुने रुख कटानी न्युनिकरण गर्न लारानि र अन्य सम्बन्धित साझेदारी संस्थाहरुको सहकार्यमा सुधारिएको चुलो, झण्डाका लागि फलामे पोल तथा घर गोठ निर्माणमा फलामे ट्रसलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।
- वन वातावरण सरक्षणमा जोड तथा एल. पि. ग्यासलाई बिस्थापित गराई विद्युतको अधिकतम् उपयोग गर्न प्रति घरधुरीलाई १०० युनिट विद्युत र विद्युतीय चुलो निःशुल्क उपलब्ध गराउन गाउँपालिकाले आव ०८०।८१मा प्रारम्भिक कार्य शुरु गरी कार्यान्वयनमा ल्याईने छ |

## पर्यटन विकास

- गाउँपालिका क्षेत्रका पर्यटकीय पद मार्गहरुलाई चुष्त र दुरुस्त राख्न आवश्यकता अनुसार निर्माण तथा मर्मत कार्यलाई निरन्तरतन दिइनेछ ।
- आ व २०८०।८१ पर्यटक दशकका रुपमा मनाउन सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ ।
- होम स्टे र गोठ स्टे कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका होटल व्यवसायीहरुलाई व्यवसाय सञ्चालनार्थ आवश्यकता बमोजिम बजेट व्यवस्था गरिनेछ ।

## विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण

- विपत कोषलाई थप व्यवस्थित बनाई संचालनमा ल्याईने छ |
- विपत संग सम्बन्धित एप्सहरु निर्माण गरी संचालनमा ल्याईने छ |
- प्रत्येक वडामा स्वयम सेवक समूहहरु गठन गरी तयारी अवस्थामा राखिने छ |

अन्त्यमा

गाउँसभाका सदस्यहरु

यस गाउँपालिका क्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारी, शिक्षक, पत्रकार तथा अन्य समुदायमा आधारित संघ संस्थाका व्यक्तिहरुलाई वार्षिक रुपमा प्रशंसा गरिनेछ ।

- अन्त्यमा  लोकतान्त्रिक संघीय गणतान्त्रिक शासन व्यवस्थाको प्रारम्भदेखि नै यस गोसाईकुण्ड गाउँपालिका क्षेत्रका नागरिकहरुले आफ्नो गाउँ क्षेत्रको विकासका लागि प्रत्यक्ष वा परोक्ष रुपमा पुर्याउँदै आउनु भएको योगदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नेपालको संविधान जारी भई स्थानीय तहको पुनर्स्थापना पश्चात् यस गोसाईकुण्ड गाउँपालिकाको सर्वोपरी विकासमा समग्र गोसाईकुण्डवासी, राजनीतिक दल, जनप्रतिनीधि मित्रहरु, कर्मचारी वर्ग, पत्रकार लगायत सम्पूर्ण शुभेच्छुक जनहरुको भूमिका अतुलनीय छ । विगतमा जस्तै आगामी दिनमा पनि यहाँहरुको साथ, सहयोगको अपेक्षा गर्दछु । आर्थिक वर्ष २०८०।८१ को यस गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी यहाँका जनतामा समृद्धिको सुवासना प्रदान गर्न सदा झैं यहाँहरुको योगदान रहने कुरामा विश्वस्त हुँदै आजको यस कार्यक्रममा उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यहरु लगायत सम्बन्धित सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

# धन्यवाद